# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-१२, आ.व.२०८१/८२ चैत्र, २०८१

## सम्पादकीय

कोशी प्रदेश सरकारको चालु आ.व.२०८१/८२ को **फाल्गुन मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को फाल्गुन महिनासम्म प्रदेशको कुल खर्चमा १०.९ प्रतिशतले वृद्धि भएको छ। बचत संघ अनुदान फिर्ता रकम गत आ.व.को भन्दा वृद्धि भएकोले चालु खर्च बढी देखिएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त र समपूरक अनुदानमा कमी भएको छ, भने राजस्व सङ्कलनमा केही वृद्धि भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८१/८२ को **फाल्गुन महिनासम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| कुल खर्च | चालु खर्च | पूँजीगत खर्च |
|---|---|---|
| ३४.९% | ३९.४% | २७.३% |

चार्ट (क)- तीन आर्थिक वर्षको फाल्गुन मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८१/८२ को फाल्गुन महिनासम्म जम्मा रु.१२ अर्ब ३१ करोड ७० लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.४ अर्ब ५१ करोड ५२ लाख र चालु खर्च रु.५ अर्ब ५५ करोड २८ लाख रहेको छ।

तालिका (क)- पछिल्लो तीनवर्षको फाल्गुन महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)

| बजेट शीर्षक | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १३०४२० | ५२९७२ | ४०.६% | १२७२२५ | ४८१४० | ३७.८% | १४०९४८ | ५५५२८ | ३९.४% |
| पूँजीगत खर्च | २३००२६ | ६५२१० | २८.३% | २०४१२१ | ४५३०७ | २२.२% | १६५२७४ | ४५१५२ | २७.३% |
| वित्तीय व्यवस्था | ० | | - | १०० | ० | - | २०० | ० | - |
| स्थानीय तह अनुदान | ३६९३७ | १६७४६ | ४५.३% | ३६७४५ | १७६३४ | ४८.०% | ४६३७१ | २२४९० | ४८.५% |
| कुल खर्च | ३९७३८३ | १३४९२८ | ३४.०% | ३६८९९१ | १११०८१ | ३०.२% | ३५२७९३ | १२३१७० | ३४.९% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८१/८२ को फाल्गुन महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

तालिका (ख) आ.व.२०८१/८२ फाल्गुनसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | १३९६४ | १४२ | | १४१०६ | १५.५% |
| भदौ | ४०३४ | ३१०० | ५६८ | ७७०२ | ६.३% |
| असोज | ७१६५ | ७६८० | ८११४ | २२९५९ | १८.६% |
| कार्त्तिक | ९९३८ | २३५० | २१९५ | १४४८३ | ११.८% |
| मंसीर | ४५६८ | ४०९२ | २८७५ | ११५३५ | ९.४% |
| पुष | ५१७६ | ८२२१ | ३५०० | १६८९७ | १३.७% |
| माघ | ४९१५ | ६५१८ | १११३ | १२५४६ | १०.२% |
| फाल्गुन | ५७६८ | १३०४९ | ४१२५ | २२९४२ | १८.६% |
| फाल्गुनसम्मको जम्मा | ५५५२८ | ४५१५२ | २२४९० | १२३१७० | १००.०% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८१/८२ फाल्गुन मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.९ अर्ब ३० करोड २८ लाख (**वार्षिक लक्ष्यको ५३.५%**) राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.८ अर्ब ८० करोड ३१ लाख (**वार्षिक लक्ष्यको ६०.५%**) निकासा प्राप्त भएको छ।

५. चालु आ.व.को फाल्गुन मसान्तसम्म राजस्व र अनुदान गरी जम्मा रु.१८ अर्ब १० करोड ५९ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

तालिका (ग)- पछिल्लो तीन आ.व.को (फाल्गुन सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)

| आय शीर्षक | २०७९/८० फाल्गुन सम्मको प्राप्ति | २०८०/८१ फाल्गुन सम्मको प्राप्ति | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | फाल्गुन सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ५४४६४ | ६२०५६ | १२४००८ | ६५६५१ | ५२.९% | ५.८% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | २२६०० | २१८५७ | ४९८०० | २७३७७ | ५५.०% | २५.३% |
| संघ वित्तीय समानीकरण अनुदान | ६७५६१ | ४८९५४ | ८९४३२ | ६३५६८ | ७१.१% | २९.९% |
| संघ सशर्त अनुदान | ४१६६८ | ३४६१२ | ४१६४३ | १४९९२ | ३६.०% | -५६.७% |
| संघ समपूरक अनुदान | ६११८ | ४८१८ | ६५५० | ४३२३ | ६६.०% | -१०.३% |
| संघ विशेष अनुदान | ३१५९ | ४०२६ | ७८०१ | ५१४८ | ६६.०% | २७.९% |
| **जम्मा** | **१९५५७०** | **१७६३२३** | **३१९२३४** | **१८१०५९** | **५६.७%** | **२.७%** |

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. चालु आ.व.२०८१/८२ को फाल्गुन मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्वको शीर्षकगत रुपमा मासिक राजस्व प्राप्तिको विवरण समेत तलको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका (घ)- आ.व.२०८१/८२ को फाल्गुनसम्म राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ८०९९ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | १०१२० |
| असोज | ७५७४ | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | १२०१६ |
| कात्तिक | ८०४७ | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ११८६७ |
| मंसिर | १५७०७ | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | १९६६२ |
| पुष | ८४८३ | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | १२९८३ |
| माघ | ९३३३ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | १४३२९ |
| फाल्गुन | ८४०८ | १२१० | ३ | ५५० | ७१ | २४३ | ५८ | ६७३ | ११२१६ |
| फागुनसम्मको जम्मा | ६५६५१ | ९३०४ | ५२७७ | ४२८२ | ५८५ | ३७३५ | १४३६ | २७५८ | ९३०२८ |
| वार्षिक लक्ष्य | १२४००८ | १४१०० | १४५०० | ९५०० | ९०० | ४९९० | ३०७० | २७४० | १७३८०८ |
| चालु आ.व. फाल्गुन सम्मको प्रगति | ५२.९% | ६६.०% | ३६.४% | ४५.१% | ६५.०% | ७४.८% | ४६.८% | १००.७% | ५३.५% |
| गत आ.व. फाल्गुन सम्मको प्राप्ति | ६२०५६ | ८२४७ | ४५०८ | ३९७३ | ५१२ | २५२० | ९३६ | ११६१ | ८३९१३ |
| वृद्धि प्रतिशत | ५.८% | १२.८% | १७.१% | ७.८% | १४.३% | ४८.२% | ५३.४% | १३७.६% | १०.९% |


(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.को फाल्गुनसम्मको तुलनामा चालु आ.व.को फाल्गुनसम्म प्रदेशको आन्तरिक राजस्वमा २५.३ प्रतिशतले वृद्धि भएको छ। आन्तरिक राजस्व तर्फ सवारी साधन कर लगायतका सबै शीर्षकमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ। विविध खाता र धरौटी खातामा स्रोत तथा प्रयोजन नखुलेको मौज्दात रकमलाई राजस्व खातामा ट्रान्सफर गरिएको हुँदा विविध प्राप्ति (अनुदान/निकासा फिर्ता, बेरुजु र अन्य राजस्व) मा चालु आ.व.मा वृद्धि भएको देखिन्छ।

चार्ट (ख)- तीन आर्थिक वर्षको फाल्गुन महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था

(रकम रु.लाखमा)




*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*


सम्पादन तथा प्रकाशन

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा)

कोशी प्रदेश, विराटनगर